मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

प.सं. : २०८२।२०८३
च.नं. : ८८६

मिति : २०८२/०८/०८

श्री वडा कार्यालय सबै
मनराशिसवा नगरपालिका, महोत्तरी ।

विषय:- उपभोक्ता विवरण संकलन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस मनराशिसवा नगरपालिकाले हरित जलवायू कोष र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन गर्ने गरी सम्झौता गरेको व्यहोरा जानकारी गराइन्छ । सो कार्यक्रम अन्तर्गत ३ प्रकारका खाना पकाउने प्रविधि (विद्युतीय चुल्हो, तह ३ को फलामे सुधारिएको चुल्हो र ४ घ.मि. को बायोग्यौंस) को प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन तथा उपभोक्ता सम्म अनुदान सहित सुपथ मूल्यमा उल्लेखित प्रविधिहरु पुर्याउनका लागि सम्बन्धित वडाहरुले उपभोक्ता विवरण १५ दिनभित्र संकलन गर्नुहुन र विवरण संकलन गर्दा देहाय बमोजिमका शर्तहरु पालना गर्नुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु**

१. विद्युतीय चुल्होको हकमा सम्बन्धित उपभोक्ताहरुको घरमा १५ AMP को मिटर जडान भएको हुनुपर्ने ।

२. वायोग्यौंस जडानको निमित्त १/२ ओटा गाईवस्तु भएको हुनुपर्ने ।

३. उपभोक्ता विवरण संकलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाति, अपाङ्गता र न्यून आय श्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिन पर्ने ।

४. उपभोक्ता विवरण संकलनको क्रममा एउटै घर परिवारमा दुई वटा प्रविधि नपर्ने गरी माग संकलन गर्न अनुरोध छ ।

**प्रविधिगत लागत साझेदारी विवरण**

| क्र.सं. | प्रणाली | हरित जलवायु कोष | वैकल्पिक उर्जा प्रवद्धान केन्द्र | मनराशिसवा नगरपालिका | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विद्युतिय चुल्हो | १०% | ४७.९७% | १९.०९% | २२.९४% |
| २ | तह ३ को सुधारिएको चुल्हो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी वायोग्यौंस | २८.३४% | ४८% | १०% | १३.६६% |

**नोट:**

१.उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र प्रविधि अनुरुप खुल्ने ठेक्का सम्झौता अनुसार प्रतिशतमा हुनेछ ।

२.उपभोक्ताले भर्नुपर्ने फारम यसै साथ संलग्न गरिएको छ ।

दुर्गेश

..............
विजय नारायण ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत